# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा
प्रदेश नं. २, नेपाल

पत्र संख्या : ०७८/०७९
चलानी नं. : ९६६

२०७८/०५/०८

बिषय :- विवरण संकलन गरी पठाउँने सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै) ,
जीतपुरसिमरा उपमहानगरपालिका जीतपुर , बारा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, कलैया बाराको प.सं.०७८/०७९, च.नं.१५१९, मिति २०७८।०५।०४ को प्राप्त पत्र र गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको सा.सु.०७८।०७९।०८, च.नं.२५१, मिति २०७८।०५।०३ मा सबै जिल्ला प्रशासन कार्यालयलाई पठाएको पत्रको व्यहोरा यसै साथ संलग्न छायाँप्रतिबाट अवगत गर्नु भई अफगानिस्तानमा रहेका नेपालीको सुरक्षित उद्धार गर्ने प्रयोजनका लागि तहाँ स्थित वडा भित्रका कोही व्यक्ति अफगानिस्तान जानु भएको छ भने नाम थर , सम्पर्क नं. Email, सम्भव भएसम्म ठेगाना (अफगानिस्तानको) उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ ।

**बोधार्थः**
श्री सूचना तथा संचार प्रविधि शाखा- कार्यालयको website मा अपलोड गरिदिनुहुन ।

.........................
बालाराम खड्का
अधिकृत छैठौं

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बारा, कलैया

फोन नं. : ०५३५५०१३३
फ्याक्स नं. : ५५००००
इमेल नं . : daobara33700@gmail.com

पत्र संख्या:-०७८/७९
च .नं.:- १५५६

मिति:- २०७८/०५/०४

विषय :-अफगानिस्तानमा रहेका नेपाली नागरीकहरुको विवरण उपल्वध गराउने सम्बन्धमा ।

श्री स्थानीय तह सबै, बारा

श्री जिल्ला प्रहरी कार्यालय बारा, कलैया

अफगानिस्तानमा राजनैतिक संकट उत्पन्न भई राजधानी काबुल लगायतका क्षेत्रमा विदेशी नागरीक अलपत्र रहेका र सो समुहमा नेपाली पनि रहेकोमा समपर्कमा आएकाहरुलाई नेपाल सरकारले सुरक्षित घर फिर्ताको लागी विशेष व्यवस्था गरेको व्यहोरा सबैलाई विदितै छ । अझै पनि अफगानिस्तानमा अलपत्र रहेका नेपाली नागरीकहरुलाई सुरक्षित नेपाल फर्काउनका लागी औपचारिक, अनौपचारिक माध्यमबाट जिल्ला भित्रका व्यक्ति केही अफगानिस्तान गएको भए निजहरुको नाम, थर, सम्पर्क नं., Email सम्भव भए सम्म ठेगाना (अफगानिस्तानको ), गएको मिति, लैजाने एजेन्सी लगायतको समपूर्ण विवरण जति सक्दो चाँडो उपलब्ध गराई दिन भनि प्रकाशित सूचना यसै साथ सलग्न छ । प्रचार प्रसार गरी प्राप्त विवरण यस कार्यालयमा उपलब्ध गराई दिनु हुन निर्देशानुसार अनुरोध छ ।

ओम बहादुर खडका
(प्रशासकीय अधिकृत)

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या: शा.सु. ०७८/०७९/०८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४४१

मिति: २०७८/०५/०३

विषय: विवरण संकलन गरी पठाउने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सवै।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.वा./४११/६२३, मिति २०७८/०४/३१ गतेको पत्रसाथ प्राप्त मिति २०७८ श्रावण ३१ गते श्रीमान् मुख्यसचिव शंकरदास वैरागीज्यूको संयोजकत्वमा अफगानिस्तानमा रहेका नेपाली नागरिकहरुको सुरक्षित उद्धार गर्ने सम्बन्धमा बसेको बैठकको निर्णयको छायाँप्रति पाना २ (दुई) यसैसाथ संलग्न छ । उक्त निर्णयको बुँदा नं. ३ बमोजिम विभिन्न माध्यम प्रयोग गरी अफगानिस्तानमा रहेका नेपालीहरुको परिवारसँग विवरण संकलन गरी पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७८/०५/०३
............
(दिनेश न्यौपाने)
शाखा अधिकृत

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।